नेपाल राजपत्र

भाग ४

श्री ५ को सरकारद्वारा प्रकाशित

काठमाडौं, असोज १० गते २०३४ साल

श्री ५ को सरकार

मन्त्रिपरिषद् सचिवालयको

सूचना

खाद्य, कृषि तथा सिंचाइ मन्त्रालयका सचिव श्री दीर्घराज कोइराला वाशिङ्गटनमा संचालन हुने एग्रिकल्चर पलिसी सेमिनारमा भाग लिन जानुभएकोले उहाँ फर्की हाजिर हुन नआउन्जेलसम्मका लागि सो सचिव पदमा निजामती सेवा नियमावली, २०२१ को नियम ८.२ को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सोही मन्त्रालयका सह–सचिव श्री लवबहादुर प्रधानलाई मिति ०३४।५।७ देखि कायम मुकायम मुकरर गरेको छ ।

आज्ञाले–

कृष्णबहादुर मानन्धर

श्री ५ को सरकारको मुख्य सचिव

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।